नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# पाठ्यक्रम विकास केन्द्र

सानोठिमी, भक्तपुर

## कक्षा १ देखि ४ सम्मका पाठ्यपुस्तक छपाइ तथा वितरणका लागि मुद्रक तथा वितरकहरूको नवीकरण तथा सूचीकरण गरिएको सूचना

**प्रकाशन मिति २०७७।१०।२५**

विद्यालय पाठ्यपुस्तक तथा पाठ्यसामाग्री छपाइ तथा वितरण निर्देशिका, २०७६ बमोजिम शैक्षिक सत्र २०७८ मा देशभर कक्षा १ देखि ४ सम्मका चार रङका पाठ्यपुस्तक तथा अन्य पाठ्यसामग्री छपाइ गरी बिक्री वितरण गर्न इच्छुक मुद्रक तथा वितरकहरूलाई प्रोफाइलसहित नवीकरण तथा सूचीकरणका लागि प्रस्ताव पेस गर्नेसम्बन्धी यस केन्द्रबाट मिति २०७७/०८/२५ मा गोरखापत्र दैनिकमा प्रकाशित सूचनाअनुसार रित पुऱ्याई म्यादभित्र प्रस्ताव पेस गरेका देहायबमोजिमका फर्म/संस्थाहरूको नवीकरण तथा सूचीकरण गरिएको व्यहोरा यस केन्द्रको मिति २०७७/१०/२३ को निर्णयानुसार सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

| मुद्रक तथा वितरकहरू | | |
|---|---|---|
| **सि.नं.** | **नवीकृत फर्महरू** | **ठेगाना** |
| १. | सुदिपा ट्रेडिङ कम्पनी प्रा.लि. | ढुङ्गेअड्डा, काठमाडौँ |
| २. | एक्सप्रेस कलर प्रेस कं.प्रा.लि | शङ्खमूल, काठमाडौँ |
| ३. | स्वर्गद्वारी अफसेट प्रेस प्रा.लि. | शङ्खमूल, काठमाडौँ |
| ४. | प्रिन्टर्स पार्टनर प्रिन्टिङ पब्लिसिङ मेटेरिएल्स प्रा.लि | व्यासी, भक्तपुर, |
| ५. | ग्राफिक अफसेट प्रिन्टर्स प्रा.लि. | विराटनगर १२, मोरङ |
| ६. | जगदम्बा पब्लिकेसन प्रा.लि | महेन्द्रनगर, कन्चनपुर |
| ७. | ओम शिव प्रिन्टिङ प्रेस प्रा.लि. | क्षेत्रपाटी, काठमाडौँ |

| सि.नं. | सूचीकृत फर्महरू | ठेगाना |
|---|---|---|
| १. | साइनो छापाखाना | विराटनगर, ९ मोरङ |
| २. | युनाइटेड मल्टी प्रिन्टर्स प्रा.लि. | हात्तीवन, ललितपुर |
| ३. | किरण छापाखाना | विराटनगर ८, मोरङ |

**नवीकृत तथा सूचीकृत फर्म/संस्थाहरूले कक्षा १- ४ का पाठ्यपुस्तकका** मुद्रणीय प्रति ( Print Ready Copy=PRC) को छपाइ अनुमति प्राप्त गर्न यो सूचना प्रकाशन भएका मितिले ७ दिनभित्र तपसिलबमोजिमको धरौटी र राजस्व रकम तोकिएको खातामा जम्मा गरी सक्कल भौचर यस केन्द्रमा पेस गर्न सम्बन्धित सबैमा अनुरोध गरिन्छ ।

(क) **धरौटी सम्बन्धमा** : नवीकृत फर्मले विगत वर्षमा जम्मा गरेको अद्यावधिक धरौटी भौचरको प्रमाणित प्रतिलिपि र सूचीकृत हुनेले **नेपाल बैङ्क लिमिटेड**, कमलविनायक भक्तपुरमा रहेको कोष तथा लेखा नियन्त्रक कार्यालय भक्तपुरको धरौटी खाता नं. ०१९०१०००००२००३००००००१ मा रकम रु ५,००,०००|- (रु. पाँच लाख) धरौटी जम्मा गरेको भौचरको सक्कल प्रति पेस गर्नुपर्ने छ ।

**(ख) राजस्व सम्बन्धमा**

नवीकृत फर्मले परिवर्तन नभएको मुद्रणीय प्रतिका हकमा प्रति पुस्तक रु. ५०००|- (पाँच हजार) र परिवर्तित मुद्रणीय प्रतिका हकमा प्रति पुस्तक रु. १००००|- (दश हजार) एवम् सूचीकृत हुनेले प्रत्येक पुस्तकको मुद्रणीय प्रति प्राप्त गर्नका लागि रु. १००००|- (दश हजार) का दरले **राष्ट्रिय वाणिज्य बैङ्कको** राजस्व शीर्षक १४२२३, राजस्व खाना नं. १०००२०००१०००० कार्यालय कोडः ३५००२३३०१ मा नगद जम्मा गरेको सक्कल भौचर केन्द्रमा पेस गर्नुपर्ने छ ।

**पुनश्च** : प्रस्तावकले पेस गरेका विवरणमा फरक पर्न गई पाठ्यपुस्तक छपाइ तथा वितरणमा सुनिश्चितता प्राप्त हुन नसकेमा कानुनबमोजिम कारबाही गरी केन्द्रले जुनसुकैबखत नवीकरण/सूचीकरण रद्ध गर्न सक्ने छ ।